रोहिणी गाउँपालिकाको आधिकारीक त्रैमासिक प्रकाशन

# रोहिणी गाँउपालिका बलेटिन

स्वच्छ रोहिणी समृद्ध रोहिणी

वर्ष: १ अङ्क: २ महिना: कात्तिक, मंसीर, पुस मिति :२०८२/१०/०४

## रोहिणी गाउँपालिका वडा नं ६मा जग्गाधनी दर्ता प्रमाणपत्र वितरण कार्यक्रम






रोहिणी गाउँपालिका वडा नं. ६ अन्तर्गतका सेवाग्राहीहरूलाई लक्षित गर्दै गाउँब्लक जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्र वितरण समारोह मिति २०८२ कात्तिक १४ गते आयोजना भएको थियो। कार्यक्रममार्फत लामो समयदेखि जग्गाको स्वामित्व सुनिश्चित हुन नसकेका ४५० स्थानीय नागरिकहरूलाई जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गरिएको थियो। यसले जग्गा व्यवस्थापनमा पारदर्शिता ल्याउने, नागरिकको सम्पत्ति अधिकार सुनिश्चित गर्ने तथा विकास निर्माणका कार्यमा सहजता ल्याउने अपेक्षा गरिएको छ।

कार्यक्रममा नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गत नापी विभाग तथा नापी कार्यालय रुपन्देही को विशेष सहकार्य भएको थियो। स्थानीय तह र संघीय सरकारबीचको सहकार्यमा आयोजना हुने यस कार्यक्रमले भूमिसम्बन्धी समस्या समाधानतर्फ महत्वपूर्ण योगदान पुऱ्याएको छ।

## अनुदानको मल वितरण



अनुदानको मल वितरणः आ.व.२०८२/८३ मा यस गा.पा.को कृषि शाखा अन्तर्गत रहेका रसायनिक मल विक्रेता सहकारीहरुले मल खरिद गरी ल्याए पश्चात स्थानिय तह मल वितरण व्यवस्थापन समिति तथा वडाका जनप्रतिनिधिहरु बाट स्थलगत अनुगमन निरीक्षण गरी पारदर्शी रुपमा कृषकहरुलाई मल वितरणको व्यवस्था मिलाईयो। २०८२ कार्तिक महिना देखि पौष महिना सम्ममा कृषि सामाग्री कम्पनी लि.बाट सातै वडा का १४ वटा मल विक्रेता सहकारीहरु मार्फत यूरिया ७५७५ बोरा तथा डि.ए.पी.२७०१ बोरा र साल्ट ट्रेडिङ कार्पोरेशन लि.बाट सातै वडाका ११ वटा मल विक्रेता सहकारीहरु मार्फत यूरिया १७८६.८० बोरा र डि.ए.पी.१३७५.२८ बोरा वितरण भएको थियो ।

## आ.व २०८२/८३ को हाल सम्मको आय व्याय

चालू आर्थिक वर्षको हालसम्मको विवरण अनुसार खर्च तर्फ चालू खर्च **३१.७९ प्रतिशत**, पूँजीगत खर्च **१५.७२ प्रतिशत** र कुल खर्च **२६.७१ प्रतिशत** प्रगति भएको छ।

त्यसैगरी आम्दानी तर्फ हालसम्म **३२ करोड ७४ लाख ९९ हजार** रुपैयाँ संकलन भएको छ।

## पचास प्रतिशत अनुदानमा गहुँको उन्नत बिउ वितरण

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका कृषकहरूलाई लक्षित गरी उक्त बिउ वितरण गरिएको हो। कार्यक्रम अनुसार गाउँपालिकाका विभिन्न वडामा रहेका कृषकहरूलाई ५० प्रतिशत अनुदानमा कुल १,३७५ बोरा उन्नत जातको गहुँको बिउ १,३३८ जना लाभग्राही कृषकहरूलाई वितरण गरिएको छ।



बिउ वितरण गर्दा वडागत विवरण संकलन गरी वास्तविक कृषकहरूलाई प्राथमिकताका आधारमा समावेश गरिएको छ। उन्नत जातको गहुँको बिउ प्रयोग गर्दा उत्पादनमा वृद्धि हुनुका साथै रोग तथा कीराको प्रकोप कम हुने अपेक्षा गरिएको छ। यस कार्यक्रमले कृषकहरूको लागत घटाई आम्दानी बढाउन सहयोग पुग्ने विश्वास लिइएको छ ।कार्यक्रममा जनप्रतिनिधि, गाउँपालिकाका कर्मचारी तथा कृषकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।सहभागी कृषकहरूले गाउँपालिकाले उपलब्ध गराएको अनुदानप्रति खुशी व्यक्त गर्दै यस्ता कार्यक्रमलाई निरन्तरता दिन माग गरेका छन् ।गाउँपालिकाले आगामी दिनमा पनि कृषक लक्षित विभिन्न कृषि प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गर्दै स्थानीय कृषि उत्पादन वृद्धि र आत्मनिर्भरता हासिल गर्ने लक्ष्य लिएको छ ।

## पालिका स्तरीय क्षयरोग सम्बन्धि कार्यक्रमको वार्षिक समिक्षा तथा कार्य योजना तर्जुमा गोष्ठी




क्षयरोग आँखाले देख्न नसकिने किटाणु Mycobacterium tuberculosis बाट हुने गर्दछ | क्षयरोगका विरामीले हाच्छियुं गर्दा वा खोक्दा निस्केका किटाणुहरु हावाको माध्यमवाट स्वास्थ्य व्यक्तिमा सर्दछ | क्षयरोग विश्वमा जनस्वास्थ्यको प्रमुख समस्याको रुपमा रहदै आएको छ भने उच्च मृत्युदर भएका १० वटा रोग मध्ये क्षयरोग पनि एक हो | त्यसकारण, सम्भावित क्षयरोगका विरामीलाई समयमै पहिचान र उपचार गरि क्षयरोगका कारण हुने मृत्यु रोक्न तथा समुदायमा सक्रमण घटाउन नेपाल सरकारले सन् १९९३ देखि राष्ट्रिय क्षयरोग कार्यक्रम लागु गरेको हो।

सन् २०३५ सम्मका लक्ष्यहरु सन् २०१५ को तुलनामा क्षयरोगवाट हुने मृत्युदर ९५% ले कम गर्ने, क्षयरोगका नयाँ बिरामी हुने दर ९०% ले घटाउने (१० जना भन्दा कम क्षयरोगका विरामी प्रति १ लाख जनसंख्यामा) , क्षयरोगका कारणले परिवारमा पर्ने खर्च भार शुन्य पार्ने |क्षयरोग सम्बन्धि राष्टिय रणनीति अवलम्बन गर्दै यस रोहिणी गाउँपालिका अन्तर्गत पनि विभिन्न क्रियाकलापहरु गर्दै आएकाछौं | जस अन्तर्गत २०८१/०८२ को पालिका स्तरीय क्षयरोग सम्बन्धि कार्यक्रमको वार्षिक समिक्षा तथा कार्य योजना तर्जुमा गोष्ठी, मितिः २०८२/०९/०२ गते, रोहिणी गाउँपालिका (स्वास्थ्य शाखा) मा सम्पन्न गरियो | जसमा गत आ.व. को अन्तसम्ममा ७१ जना क्षयरोगका केसहरु पत्ता लागेका थिए जसमध्ये महिला २५ जना पुरुष ४६ जना र १४ बर्षमुनिका वालवालिकाहरु ५ जना थिए| यस आ.व. २०८२/०८३ को पुस मसान्त सम्म जम्मा २३ क्षयरोगका केसहरु पत्ता लागेका छन जसमध्ये महिला ७ जना , पुरुष १६ जना र १४ बर्षमुनिका वालवालिकाहरु ० जना रहेका छन |

## प्रथम चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न




चालु आर्थिक वर्षको प्रथम चौमासिक अवधिमा गाउँपालिकाबाट सम्पादन भएका सेवा—प्रवाह, विकास निर्माण, योजना कार्यान्वयन तथा प्रशासनिक गतिविधिहरूको समीक्षा र सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने उद्देश्यले उक्त कार्यक्रम आयोजना गरिएको हो ।कार्यक्रममा गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, सरोकारवाला निकायका प्रतिनिधि, सञ्चारकर्मी तथा स्थानीय नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सार्वजनिक सुनुवाईका क्रममा गाउँपालिकाले पहिलो चौमासिकमा सम्पन्न तथा प्रगतिमा रहेका योजना, बजेट खर्चको अवस्था, सेवा प्रवाहमा भएका सुधार तथा आगामी कार्ययोजनाबारे जानकारी गराइएको थियो। कार्यक्रममा सहभागी स्थानीय नागरिकहरूले शिक्षा, स्वास्थ्य, कृषि, सडक, खानेपानी, सामाजिक सुरक्षा, प्रशासनिक सेवा तथा विकास निर्माणसँग सम्बन्धित जिज्ञासा, गुनासा र सुझावहरू प्रस्तुत भएको थिए । नागरिकहरूले उठाएका प्रश्नहरूको सम्बन्धित जनप्रतिनिधि तथा कर्मचारीहरूले स्पष्ट रूपमा जवाफ दिँदै सुधारका प्रतिबद्धता व्यक्त गरेको थिए ।

## निःशुल्क रूपमा कन्ये च्याउ र हिउँदे तरकारीको बिउ वितरण



कृषकहरूको आयआर्जन वृद्धि, पोषण सुरक्षाको प्रवर्द्धन तथा व्यावसायिक कृषि प्रणालीलाई प्रोत्साहन गर्ने उद्देश्यले निःशुल्क रूपमा कन्ये च्याउको बिउ तथा हिउँदे तरकारी बिउ वितरण गरिएको थियो। कार्यक्रम अन्तर्गत गाउँपालिकाका विभिन्न वडामा रहेका कृषकहरु १,५५० जनालाई कन्ये च्याउको बिउ र १२०० कृषकलाई तरकारी बिउ निःशुल्क रूपमा वितरण गरिएको छ ।



रोहिणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धकधई, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या ०८२/८३
चलानी नं ८८२

फोन: ०७१४११०४७

मिति:२०८२।०९।२९

श्री सामुदायिक माध्यमिक तथा आधारभूत (कक्षा १-८) सञ्चालित विद्यालयहरु,
रोहिणी गाउँपालिका, रुपन्देही।

विषय: प्रस्तावना पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा यस गाउँपालिकाको लागि आ.व. २०८२/०८३ मा प्रति इकाई रू. १०,००,०००। – बजेट रहेको विद्यालयहरूमा भर्चुअल शिक्षण, इलर्निङ पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन शिर्षकमा एकवटा कार्यक्रम रहेको र उक्त कार्यक्रम सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराउनुपर्ने भएकोले तहाँ विद्यालयमा विगतका वर्षमा पुस्तकालय/विज्ञान प्रयोगशाला/ICT कार्यक्रम यस नगरपालिकाबाट उपलब्ध नभएको स्वःघोषणा गरी विद्यालयलाई आवश्यक पर्ने प्रकृतिको कार्यक्रम (उल्लेखित शिर्षकको कुनै एक वा मिश्रित कार्यक्रम) छनौट गरी तपसिलका कागजात संलग्न गरी (१५ दिन) दिन भित्र प्रस्तावना पेश गर्नुहुन अनुरोध गरिन्छ।

जगत बहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

तपसिल
१) विद्यालय व्यवस्थापन समितिको निर्णय।
२) विद्यार्थी सङ्ख्या खुल्ने प्रमाणित कागजात।
३) कम्प्युटर विषय अध्यापन हुने / नहुने खुल्ने प्रमाणित कागजात।
४) कार्यक्रम व्यवस्थापन गर्न आवश्यक कक्षाकोठा रहेको / नरहेको खुल्ने प्रमाणित कागजात।

Website: www.rohinimun.gov.np Email: rohinigaupalika1@gmail.com

## लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान









## किशोरी अवस्थामा देखिने रक्तअल्पता परिक्षण कार्यक्रम



किशोरी अवस्थामा देखिने रक्तअल्पता समस्याको समय मै पहिचान गर्ने कार्यक्रम यस गाउँपालिका अन्तर्गतका पोखरभिंडी मा.वि. र स्पेंगल इंलिस बोर्डीन स्कुलमा अध्ययनरत किशोरीहरुको रक्तअल्पता परिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो

विद्यालय मै गएर स्वास्थ्यकर्मीहरुको टोलीले किशोरीहरुको स्वास्थ्य परिक्षण गर्नुका साथै रक्तअल्पता भए नभएको जांच गरिएको थियो| परिक्षणका क्रममा रक्तअल्पता देखिएका किशोरीहरुलाई आवश्यक परामर्श, औषधि तथा पोषण सम्बन्धि जानकारी उपलव्ध गराइएको थियो| विद्यालयतह बाटै किशोरीहरुको स्वास्थ्यमा ध्यान दिनु दीर्घकालीन रुपमा स्वास्थ्य समाज निर्माणका लागि आवश्यक रहेकोले यो कार्यक्रम दुईवटा विद्यालयबाट संचालन गरिएको हो |

| जम्मा परिक्षण गरिएका किशोरी संख्या | सामान्य अवस्थाका किशोरी संख्या | मध्यम अवस्थाका किशोरी संख्या | गम्बिर अवस्थाका किशोरी संख्या |
|---|---|---|---|
| २७० | २४६ | २३ | १ |

## गुनासो तथा सुझाव दर्ता

यस रोहिणी गाउँपालिका तथा यस अन्तर्गत पर्ने कार्यालयहरुको काम, कारबाही तथा सेवा प्रवाह सम्बन्धी गुनासो तथा सुझाव भएमा कृपया तलको QR कोड स्क्यान गरी गुनासो तथा सुझाव पेश गर्नुहुन अनुरोध छ।

## महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको क्षमता विकाशको लागि तालिम




महिला सामुदायिक स्वास्थ्य स्वयम सेविका कार्यक्रम नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम मध्ये एक हो | समुदाय स्तरमा समुदाय बाटै छनोट भइ आएका महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई परिचालन गरि मातृ, वाल तथा समग्र समुदायको स्वास्थ्य सुधार तथा प्रवर्तनका लागि परिचालन गरि सुखी नेपाली, समृद्ध नेपालको मूल नारालाई साकार पार्नका लागि यो कार्यक्रमलाई निरन्तरता दिईदै आइरहेको छ| यो कार्यक्रमको सुरुवाती अवस्था देखि हालसम्म नेपालमा मातृ तथा वाल स्वास्थ्यको क्षेत्रमा जुन उपलव्धि हाँसिल भएको छ, त्यसमा महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुको महत्वपूर्ण भूमिका रहदै आएको छ| यिनै कारणले गर्दा वडा नं ०३ को आर्थिक सहायोगमा धकधई प्राथमिक स्वास्थ्य केन्द्र अन्तर्गतका १७ जना महिला सामुदायिक स्वास्थ्य स्वयम सेविकाहरुलाई मिति२०८२ पुस ८ गते देखि १० गते सम्मको ३ दिने क्षमता विकाशको लागि तालिम संचालन गरिएको थियो।

## वडाध्यक्ष र वडा सचिवको सम्पर्क विवरण

| वडा नं. | वडाध्यक्षको नाम थर | सम्पर्क नं. | वडा सचिवको नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | आविद अलि पठान | ९८५७०१५२१९ | राजकुमार मिश्र | ९८५७०१०५२२ |
| २ | करम हुसेन खान | ९८५७०४४७८६ | रबिलाल पौडेल | ९८४९२२६०५४ |
| ३ | वीर बहादुर क्षेत्री | ९८४७०२३१५७ | पुर्णिमा घिमिरे | ९८६७०४८५९० |
| ४ | तारानाथ यादव | ९८४७०३९९३७ | बलिराम चौधरी | ९८५७०१५२८४ |
| ५ | श्री घनश्याम सिह क्षेत्री | ९८५७०२०७३० | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ६ | श्री इन्द्रमान चौधरी | ९८०७४३१८३४ | लब बहादुर क्षेत्री | ९७४७०८३७२९ |
| ७ | अन्नान अहमद भाट | ९८४७१३८०२२ | आनन्दलाल कर्ण | ९७४५४०८६२१ |



### राय सुझाव सम्बन्धी सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०१

वातावरण संरक्षण नियमावली २०७७ को (नियम ७ को उपनियम (२) सँग सम्बन्धित अनुसूची ९ बमोजिम रोहिणी गाउँपालिका अन्तर्गत रोहिणी गाउँपालिका क्षेत्र भित्रपर्ने रोहिणी खोला अन्तर्गत विभिन्न बगर खण्डबाट नदीजन्य पदार्थ ढुङ्गा, गिटी, बालुवा, भस्कट र माटो(नदीजन्य पदार्थ)आदि सङ्कलन एवम् उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण(IEE) (प्रावाप) प्रतिवेदन तयारी सम्बन्धी राय सुझावको लागि सार्वजनिक सूचना । लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाद्वारा निम्न बमोजिको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | ठेगाना :रोहिणी गाउँपालिकाको कार्यालय,धकधई, रोहिणी गा.पा.-२, रुपन्देही, लुम्बिनी प्रदेश<br>इमेल:rohinigaupalika1@gmail.com<br>वेबसाइट :WWW.https://rohinimun.gov.np/<br>फो नं. : ०७१-४११०४७ |
| प्रस्तावको व्यहोरा | रोहिणी गाउँपालिका क्षेत्र हुँदै बग्ने रोहिणी नदीबाट ढुङ्गा, गिटी, बालुवा, भस्कट र माटो सङ्कलन, उत्खनन् कार्य गर्दा सामाजिक-आर्थिक, भौतिक, जैविक, र सांस्कृतिक वातावरणमा पर्ने प्रत्यक्ष-अप्रत्यक्ष (सकारात्मक र नकारात्मक) असरहरुबारे विश्लेषण गरी बिक्रीवितरण, निकाशी र आन्तरिक राजस्वमा वृद्धि गर्नु । |
| प्रभावपर्न सक्ने जिल्ला/न.पा./गा.पा | रुपन्देही जिल्ला, रोहिणी गाउँपालिका, रोहिणी खोला आसपासका वडा र गाँउ बस्ती । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नेक्रममा सो क्षेत्रको प्राकृतिक, सामाजिक, आर्थिक, भौतिक, जैविक, र साँस्कृतिक क्षेत्रमा के कस्तो प्रभाव पर्दछ भनीयकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, भौतिक पूर्वाधार तथा स्थानीय बासिन्दा वा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात)दिनभित्रनिम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : रोहिणी गाउँपालिका<br>ठेगाना : रोहिणी गाउँपालिका,रुपन्देही ,लुम्बिनी प्रदेश<br>इमेल : rohinigaupalika1@gmail.com<br>फो नं. : ०७१-४११०४७ |
| परामर्शदाताको नाम र ठेगाना | नाम: चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा.लि.,ठेगाना : : पाणिनी गा.पा.-०६, अर्घाखाँची, लुम्बिनी प्रदेश, नेपाल<br>मो. नं. : ९८५७०६१४४१ (इन्द्रमणि पौडेल, कार्यकारी निर्देशक)<br>इमेल : bri@gmail.com/indramanipaudel@gmail.com |

## पोषण अवस्थाको Screening गरिएका





६ महिना देखि ५९ महिना सम्मका बालबालिकाहरूको पोषण अवस्थाको लेखाजोखा (Screening) कार्यक्रम गा.पा. अन्तर्गत सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत वडा नं. २,५ र ६ मा पोषण अवस्था लेखाजोखा सम्पन्न भइसकेको छ भने अन्य वडाहरूमा कार्यक्रम निरन्तर सञ्चालन भइरहेको छ। वडा नं. २,५ र ६ मा जम्मा ११९५ जना बालबालिकाको पोषण अवस्था परीक्षण गरिएकोमा २० जना बालबालिका गम्भीर कुपोषण (Severe Acute Malnutrition) अवस्थामा, १३९ जना मध्यम कुपोषण (Moderate Acute Malnutrition) अवस्थामा रहेका छन् भने ९५६ जना बालबालिकाको पोषण अवस्था सामान्य रहेको पाइएको छ।



## रोहिणी गाउँपालिकामा रक्त संचेतना तथा रक्तदान कार्यक्रम सम्पन्न





रोहिणी गाउँपालिकाको तथा नेपाल नियमित रक्तदाता संघ रुपन्देही को संयुक्त आयोजनामा "मानविय सेवामा हातेमालो अभियान" अन्तर्गत रक्त संचेतना तथा रक्तदान कार्यक्रम २०८२ पुस ३० गतेका दिन सम्पन्न भएको थियो। रोहिणी गाउँपालिकाको कार्यालय, धकधईमा आयोजित कार्यक्रममा जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको र २४ जनाले रक्त दान गर्नु भएको थियो।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी, रुपन्देही जिल्ला शाखाको प्राविधिक सहयोगमा रक्तदान सम्पन्न गरिएको थियो। रक्तदानजस्तो जीवनरक्षक कार्यमा समुदायको सक्रिय सहभागिताले आपतकालीन अवस्थामा रगतको अभाव न्यूनीकरणमा सहयोग पुग्ने आयोजकले बताएका छन्। कार्यक्रममा संकलित रगत जिल्लाका विभिन्न स्वास्थ्य संस्थामा उपचाररत बिरामीका लागि उपयोग गरिने छ।



## तह ३ को सुधारिएको चुलो वितरण



रोहिणी गाउँपालिका अन्तर्गत वडा नं. १ को ४६ घरधुरी र वडा नं २ को ४८ घरधुरीहरूलाई तह-३ को सुधारिएको चुलो वितरण कार्यक्रम सम्पन्न भएको र अन्य वडाहरुमा वितरण कार्यक्रम निरन्तर भइरहेको छ। वातावरण संरक्षण, दाउराको खपत न्यूनीकरण तथा धुवाँका कारण हुने स्वास्थ्य समस्यालाई कम गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रम अन्तर्गत स्थानीय लाभग्राहीहरूलाई सुधारिएको चुलो वितरण गर्दै यसको प्रयोग विधि र फाइदाबारे जानकारी गराइएको थियो। सुधारिएको चुलोको प्रयोगले इन्धन बचत हुनुका साथै घरभित्रको प्रदूषण घट्ने विश्वास गरिएको छ।



*संरक्षकः श्री विद्या प्रसाद यादव/श्री शिवकान्ती चमार*

*सम्पादन समितिः श्री दिपा सुवेदी, श्री निता पौडेल*

*श्री शान्ती कुमारी यादव*

*सल्लाहाकारः श्री जगत बहादुर बस्नेत*

*टाइप, सेटिङ तथा डिजाइनः श्री निता पौडेल (सू.प्र.अ)*